# नेपाल राष्ट्र बैंक
# प्रेस समाचार

गभर्नर डा. युवराज खतिवडासंग International Monetary Fund (IMF) का Asia and Pacific Department का Deputy Division Chief, Todd T. Schneider को नेतृत्वमा आएको प्रतिनिधिमण्डल (IMF Article VI Mission) ले आज मिति २०६९ भदौ २५ गते भेट गरी नेपालको अर्थतन्त्र, केन्द्रीय बैंकले चालेका कदम र वित्तीय प्रणालीका बारेमा छलफल तथा विचार विमर्श गर्‍यो ।



भेटमा प्रतिनिधिमण्डलका प्रमुख Schneider ले नेपालको आर्थिक अवस्थाको बारेमा जिज्ञासा राख्दै IMF ले गर्न सक्ने सहयोगका विषयमा आफ्नो धारणा राख्नु भएको थियो । यसैगरी उहाँले यसपटकको प्रतिनिधिमण्डलले अध्ययनका क्रममा समेटने विभिन्न विषयवस्तु र क्षेत्रहरुका बारेमा समेत संक्षेपमा चर्चा गर्नु भएको थियो ।

सो अवसरमा गभर्नर डा. खतिवडाले अर्थतन्त्रको वर्तमान प्रवृत्ति र चुनौतीहरु, वास्तविक क्षेत्र र वित्तीय क्षेत्रबीचको अन्तरसम्बन्धलाई सुदृढ गर्नुपर्ने विषयहरु र वित्तीय प्रणालीलाई कुशल तथा उत्पादक तुल्याउन गर्नु पर्ने सुधारहरुबारे सैद्धान्तिक मात्र नभई कार्यान्वयनयोग्य सल्लाह र सुझाव प्राप्त हुने अपेक्षा राख्नु भएको थियो ।



त्यसैगरी, गभर्नर डा. खतिवडाले नेपाल राष्ट्र बैंकले अवलम्बन गरेका पछिल्ला नीतिगत कदमहरुबाट प्राप्त उपलब्धीहरुको विश्लेषण गर्दै आगामी नीति निर्माणका विषयहरुको यथार्थतामा आधारित भई समीक्षा समेत गरिदिन आग्रह गर्नुभयो ।

सो अवसरमा कोषको नेपालका लागि Senior Resident Representative, Dr. Thomas J. Richardson लगायत प्रतिनिधिमण्डलका अन्य सदस्यहरु पनि सहभागी हुनु हुन्थ्यो ।

२०६९ भदौ २५ गते, सोमबार

गभर्नरको कार्यालय